# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
इमेल: devchulimunicipality@gmail.com

प.स.: २०८३/०८४

मिति:- २०८३।०४।०१

### हाट बजार ठेक्का सम्बन्धि सूचना।
प्रथम पटक प्रकाशित

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका हाट बजार व्यवस्थापन गर्ने व्यवस्था अनुरुप वडा नं १६ मा रहेको रजहर हाट बजार आगामी आ.व २०८३/८४ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक, संस्था वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र गोप्य सिलबन्दी गरी आफ्नो बोलकबोल रकम यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

| आय ठेक्का | न्यूनतम अंक रु | कबोल अवधि | बोलकबोल फारम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| २०८३।८४ | १,००,०००/ | आर्थिक वर्ष २०८३/०८४ | ३०० रुपैया फिर्ता नहुने गरी। | |

१. ठेक्का अवधि सम्झौता अर्थिक वर्ष २०८३।८४ असाढ मसान्त सम्म रहनेछ।

२. ठेक्का अवधिको न्यूनतम अंक रु १,००,०००। (एक लाख मात्र) रहनेछ।

३. ठेक्काको बोलकबोल फारम यस कार्यालयको शाजश्व शाखामा नगदै जम्मा गरी खरिद गर्न सकिनेछ। एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको बोलकबोल अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाईने छैन।

४. ईच्छुक इजाजत प्राप्त फर्म वा संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि, आर्थिक वर्ष २०८१/८२ को कर चुक्ताको प्रमाणपत्र, भ्याट प्यान दर्ता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ।

५. बोलकबोल निवेदन पेश गर्दा खाममा निवेदक संस्था तथा व्यक्तिको नाम थर, ठेगाना, फोन नं समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

६. बोलकबोल फारम सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गरी ८ औं दिनको १ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ। सोही दिनको २ बजे बोलकबोल निवेदन पत्र खोलिनेछ र निवेदक उपस्थित नभए पनि बोलकबोल निवेदन खोल्न बाधा पर्ने छैन। यदि उक्त दिन सार्वजनिक बिदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खोलेको पहिलो दिन खोलिनेछ।

७. कार्यालयबाट कायम भएको न्यूनतम अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको बोलकबोल उपर कुनै कारवाही हुने छैन।

८. निवेदन साथ आफूले कबुल गरेका रकमको १० प्रतिशत हुन आउने रकम यस कार्यालयको एन आईसी एसिया बैङ्क, दलदले शाखामा रहेको धरौटी खाता नं ०७७२०५००२९१६५००७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
इमेल: devchulimunicipality@gmail.com


प.स.: २०८३/०८४

मितिः- २०८३।०४।०१

९. बोलकबोल रकमको १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रीम आयकर जम्मा गर्नुपर्नेछ।

१०. बोलकबोल गरेको रकम, भ्याट र अग्रीम आयकर दाखिला गरेपछि मात्र सम्झौता गरिनेछ।

११. कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईने छैन।

१२. ठेक्का कबुल गर्ने व्यक्ति वा संस्थाले देवचुली नगरपालिको कार्यालयबाट उपलब्ध गराएको दररेटमा मात्र हाट बजार पसलहरुबाट रकम संकलन गर्नु पर्नेछ।

१३. शौचालय तथा पानीको संरक्षण सरसफाई र निगरानी ठेकदार स्वयमंनै गर्नुपर्नेछ तर पानीको शुल्क नगरपालिकाले तिर्नेछ।

१४. हाट बजार संचालन गर्दा बाटोक्षेत्रमा पसल राख्न नदिई बजारलाई व्यवस्थित गर्नुपर्नेछ।

१५. निवेदन स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

१६. यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजमि हुनेछन।

१७. नगरपालिकाले तोकिदिएको प्रति पसल प्रति दिनको दररेट निम्म बमोजिम रहेको छ।

- टहरा भित्रमा सवै पसलहरुका लागि रु ६५ ।-
- धान कपडा, कस्मेटिक सामान, भाडा पसल र फेन्सी पसल रु ५० ।-
- तरकारी, जिरा, मसला पसलः रु ५०।-
- जेरी पसल, जुत्ता, चिया, चुरा पसलः रु ४० ।-
- सो बाहेक अन्य प्रत्येक पसलः रु ३५ ।-

४।०१

........................

अशोक कोइराला

प्रमुख प्रशासकीय अधिकृत